कार्यपालिकाबाट स्वीकृत
मिति: २०८०।०५।१२

# प्रशु बीमा कार्यविधि, २०८०

## प्रस्तावना :

चाँगुनारायण नगरपालिका क्षेत्र भित्र बसोबास गरी पशुपालन व्यवसायमा संलग्न रहेका कृषकहरुले पालन गरेका पशुहरुको अचानक हुने मृत्युको कारण हुन सक्ने आर्थिक नोक्सानी न्युनीकरण गर्ने उद्देश्यका साथ पशु बीमा गर्दा लाग्ने कूल बीमाङ्क प्रिमियम (१००%) रकममा कृषकले व्यहोर्ने कूल बीमाङ्क प्रिमियम रकमको २०% को रकम यस नगरपालिकाबाट कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराई गाई, भैसी, भेडा बाखाको बीमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सवल तथा सक्षम बनाउन पशु बीमा सेवा सञ्चालन तथा व्यवस्थापन गरी कृषकलाई पशुपालन व्यवसायमा जोखिम वहन गर्न सक्षम बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२(२), चाँगुनारायण नगरपालिकाको प्रशासकीय कार्यविधि( नियमित गर्ने)ऐन, २०७५ को दफा ३ बमोजिम चाँगुनारायण नगर कार्यपालिकाले यो " पशु बीमा कार्यविधि, २०८०" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ :

क. संक्षिप्त नाम: यस कार्यविधिको नाम "पशु बीमा कार्यविधि, २०८०" रहनेछ ।
ख. यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

### २. परिभाषा:

क. कार्यविधि भन्नाले पशु बीमा कार्यविधि- २०८० लाई जनाउनेछ ।
ख. कार्यपालिका भन्नाले चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।
ग. पशु बीमा भन्नाले सरकारी मान्यता प्राप्त बीमा कम्पनी मार्फत गरिने बीमालाई जनाउनेछ ।

जीवन खत्री
नगर प्रमुख

## परिच्छेद २

### ३. शर्त तथा भुक्तानी विधि:

**१. अनुदानमा पशु बीमा सेवा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधि :**

क. पशु बीमा सञ्चालन तथा भूक्तानी कार्य आर्थिक वर्षको साउन महिना देखि सोही वर्षको चैत्र मसान्तसम्म लागू हुने र बीमा कार्यक्रममा सहभागीताको लागि नगरपालिकाबाट प्रकाशन गरिने सूचनाको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

ख. कुनै पनि कृषकको पशु(गाई,, भैसी, भेडा, बाखा ) मा बीमा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (Tag Number) सेवा प्राप्त कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी आफ्नो बैंक खाताको चेकको फोटोकपी समेत संलग्न राखी अनुसूची-२ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

ग. पशुपालक कृषक वा फर्म चाँगुनारायण नगरपालिका क्षेत्र भित्रको हुनुपर्नेछ ।

घ. पूर्व बीमा गरिएका पशु भएमा यो सेवा लिन पुन: नवीकरण गरेको हुनु पर्दछ ।

ङ. बिमित पशुको कुनै कारणवस मृत्यु भएमा कृषकले सोको जानकारी तत्काल सम्बन्धित वडा कार्यालय बीमा कम्पनी तथा सहकारी संस्था र नगरपालिकामा जानकारी गराउनु पर्नेछ ।

च. सहकारी संस्था तथा कम्पनीबाट बीमा लेंख प्राप्त भएको मितिले बढिमा ३५ दिन भित्र बीमा अनुदानको बिमांक प्रिमियम रकम दावी गर्न सम्बन्धित कृषकले बीमा सम्बन्धी सम्पूर्ण कागजात राखी नगरपालिकामा निवेदन गर्नु पर्नेछ ।

छ. बीमा लेख कागजको फोटोकपी, वडा कार्यालयको सिफारिस प्राप्त भए पश्चात विवरण रुजु गरी गराई मात्र अनुदान वापतको रकम सम्बन्धित कृषकको बैंक खातामा पठाइनेछ ।

### ४. पशु बीमा अभिमुखिकरण गोष्ठी सञ्चालन तथा नियमन

क. चाँगुनारायण नगरपालिका अन्तर्गत पशुपालन गर्ने कृषक, दुग्ध व्यवसायी, जनप्रतिनिधिहरुलाई पशु बीमा सम्बन्धी जानकारी दिई धेरै भन्दा धेरै कृषकहरुलाई पशु बीमा कार्यक्रममा संलग्न गराउने उद्देश्यले कार्यक्रमको बारेमा प्रचार प्रसार एवं पशु बीमा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्न सकिनेछ ।

ख. बीमा कार्यक्रमको अनुगमन तथा नियमन नगरपालिकाबाट गरिनेछ ।

जीवन खत्री
नगर प्रमुख

## ५. थपघट वा हेरफेर गर्न सक्ने:

क. यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा केही थपघट तथा खारेज गर्न सक्नेछ ।

ख. कार्यविधि कार्यान्वयनमा कुनै बाधा, अबरोध वा दुविधा भएमा चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

जीवन खत्री
नगर प्रमुख

## अनुसूची-१

# पशु बीमा वापतको २० प्रतिशत रकम भुक्तानी सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति.........,.......................

चाँगुनारायण नगरपालिका पशु पन्छी विकास शाखाको आ.व २०... /... को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम पशु बीमा कार्यक्रम सञ्चालन गर्न बनेको **पशु बीमा कार्यविधि, २०८०** बमोजिम कृषकले बीमा कम्पनीलाई भुक्तानी गर्नु पर्ने ८० प्रतिशत प्रिमियम रकम नेपाल सरकारले व्यहोर्ने र कृषकले व्यहोर्ने २० प्रतिशत रकम अनुदान लिन ईच्छुक आवेदकहरुबाट आ.व.२०.../... को चैत्र मसान्तसम्म आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु भुक्तानीको लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जनकारी गराइन्छ । थप जानकारीका लागि पशु पन्छी विकास शाखामा सम्पर्क राख्न सकिनेछ ।

| क्र.सं | बीमा गरिएको मिति | पशुको जात | बीमा संकेत नं | बीमा कम्पनीलाई बुझाएको २०% प्रिमियम रकम |
|---|---|---|---|---|
| | | | | |
| जम्मा रु | | | | |

**निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. बीमालेखको फोटोकपी-थान १
२. वडाको सिफारिस- थान १
३. ट्याग देखिने फोटो- थान १
४. नागरिकताको प्रतिलिपि-थान १
५. बीमा गराएको व्यक्ति/फर्मको नाममा रहेको चेकको फोटोकपी- थान १
६. दर्ता भएको फार्मको हकमा दर्ता प्रमाण पत्रको फोटोकपी थान १

जीवन खत्री
नगर प्रमुख

## अनुसूची-२

मिति:२०../.../...

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चाँगुनारायण नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय ,
खरिपाटी, भक्तपुर ।

**बिषयः- प्रिमियम बापतको रकम भुक्तानी पाउँ ।**

उपरोक्त सम्बन्धमा त्यस नगरपालिकाको मिति २०.../.../... को सूचना अनुसार तपसिल बमोजिमको पशुको बीमा गरिएको र बीमा रकमको ८० प्रतिशत नेपाल सरकारले व्यहोर्ने हुँदा कृषकले व्यहोर्ने २० प्रतिशत रकम नगरपालिकाको तर्फबाट अनुदानको रुपमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

तपसिल

| क्र.सं | बीमा गरिएको मिति | पशुको जात | बीमा संकेत नं | बीमा कम्पनीलाई बुझाएको २०% प्रिमियम रकम |
|---|---|---|---|---|
| | | | | |
| जम्मा रु | | | | |

**संलग्न कागजातहरु:-**

१. बीमालेखको फोटोकपी-१
२. वडाको सिफारिस-१
३. ट्याग देखिने फोटो-१
४. नागरिकताको प्रतिलिपि-१
५. बीमा गराएको व्यक्ति/फर्मको नाममा रहेको चेकको फोटोकपी-१

**निवेदक**
कृषकको नाम :
फर्मको नाम :
ठेगाना :
मोबाईल नं :

जीवन ...
नगर प्रमुख